# जीतपुरसिमरा उपमहानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

(शिक्षा, युवा तथा खेलकुद महाशाखा)
जीतपुर, बारा
प्रदेश नं.२, नेपाल

पत्र संख्या : ०७८/०७९
च.नं. : २०४३

मिति : २०७८।०८।१४

**विषय : विषय विशेषज्ञमा सूचीकृत हुने वारे ।**

प्रस्तुत विषयमा यस उपमहानगरपालिकाको नगर शिक्षा समितिको मिति २०७८।०७।१४ गतेको निर्णयानुसार विषय विशेषज्ञमा सूचीकृत हुनको लागि पहिलो पटक मिति २०७८।०८।०१ गते सूचना प्रकाशित गरिएकोमा पर्याप्त निवेदन दर्ता हुन नगएको हुनाले पुनः कार्य अनुभव संशोधन सहित दोस्रो पटक प्रकाशित गरिएको छ । यस पालिका अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा अस्थायी/करार शिक्षक/कर्मचारी नियुक्ति लगायतका शैक्षिक प्रयोजनका लागि विषय विशेषज्ञहरु सूचीकृत गर्न पर्ने भएकोले तपसिल बमोजिमको योग्यता पुगेका सामुदायिक विद्यालयहरुमा कार्यरत ईच्छुक स्थायी शिक्षकहरुले मिति २०७८।०८।२० गते भित्र यस कार्यालयको शिक्षा,युवा तथा खेलकुद महाशाखामा निवेदनका साथ तपसिलका आवश्यक कागजातहरु पेश गर्न हुन सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

**आधारभुत (प्रा.वि. र नि.मा.वि) तह :**

क. सम्वन्धित विषयमा शिक्षा शास्त्र संकायमा स्नातक तह वा सो सरह उत्तीर्ण ( अन्य संकायमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको भएमा १ वर्षे वि.एड वा १० महिने तालिम गरेको हुनु पर्ने),

ख. स्थायी शिक्षकको रुपमा कम्तीमा ३ वर्ष देखि अध्यापनरत रहेको व्यहोरा प्रमाणित भएको विद्यालयको पत्र ,

**माध्यमिक तह :**

क. सम्वन्धित विषयमा शिक्षा शास्त्र संकायवाट स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण (अन्य संकायमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण गरेको भएमा १ वर्षे वि.एड वा १० महिने तालिम गरेको हुनु पर्ने) ,

ख. स्थायी शिक्षकको रुपमा कम्तीमा ३ वर्ष देखि अध्यापनरत रहेको व्यहोरा प्रमाणित भएको विद्यालयको पत्र ,

**आवश्यक कागजातहरु**

१. नेपाली नागरीकताको प्रमाणित प्रतिलिपी,
२. शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपी,
३. अध्यापन अनुमती पत्रको प्रमाणित प्रतिलिपी,
४. स्थायी नियुक्ती पत्रको प्रमाणित प्रतिलिपी,
५. नयाँ पाठ्यक्रम अनुसारको १/१ प्रति (विषयगत र वस्तुगत ) नमुना प्रश्नपत्र,

२०७८।८।१४
नि. प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ :**

श्री सूचना तथा प्रविधि शाखा,जीतपुरसिमरा उपमहानगरपालिका -यो सूचना वेवसाइटमा अपलोड गरी दिन हुन ।